# ज्वालामूखी गाउँपालिकाको
# आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम

यस ज्वालामूखी गाउँपालिकाको गरिमामय गाउँसभा (एघारौं अधिवेशन) मा उपस्थित गाउँपालिकाका उपाध्यक्ष ज्यू, निवर्तमान अध्यक्ष ज्यू, निवर्तमान उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभा सफल बनाउन र यसको गरिमालाई बढाउन पाल्नु हुने सबै पेशा, वर्ग, सेवा र समूहमा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा म यस गाउँपालिकाको जन निर्वाचित अध्यक्ष र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एवं आभार व्यक्त गर्न चाहन्छु।

२०७९ साल वैशाखमा स्थानीय तहको निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरुले कार्यभार सम्हालेको पनि १ वर्ष अवधि पूरा भएको छ । यस अवसरमा ज्वालामूखी गाउँपालिकाको गाउँसभा (एघारौं अधिवेशन)को अधिवेशनलाई सम्बोधन गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेको छु ।

मुलुकमा राष्ट्रिय एकता, सार्वभौमसत्ता, समानुपातिक समावेशिता सहितको संघीय लोकतान्तिक गणतन्त्रतात्मक व्यवस्था स्थापना गर्न २००७ सालको क्रान्ति, २०४६ साल तथा २०६२/०६३ को जनआन्दोलन, सशस्त्र द्धन्द , मधेश आन्दोलन लगायतका विभिन्न काल खण्डमा भएका राजनीतिक आन्दोलनमा आफ्नो जीवनको आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै वेपत्ता, घाईते, अपाङ्गता भएका एवं विभिन्न आन्दोलनमा नेतृत्व गर्नुहुने सबै प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

धादिङ जिल्लाको मध्य भागमा अवस्थित यो गाउँपालिकाले विकासका विविध सम्भावना बोकेको छ । बेंशीदेखि पहाडसम्मको सबै प्रकारको प्राकृतिक विविधता बोकेको यस गाउँपालिका क्षेत्रमा कृषि र पर्यटनलाई नमुनाको रुपमा विकास गरी समग्र गाउँको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा उल्लेखनीय योगदान हुने सम्भावना देखिन्छ, जिल्ला सदरमुकामसँग जोडिएको यस गाउँपालिका क्षेत्र भित्रको कुनै पनि भू-भाग विकट अवस्थामा रहेको छैन । नेपालको राष्ट्रिय गौरवको अत्याधुनिक जलाशययुक्त बुढीगण्डकी जलविद्युत आयोजनाको सबैभन्दा बढी प्रभावित क्षेत्र यसै गाउँपालिका क्षेत्रभित्र पर्दछ । यहाँबाट उक्त जलाशय र उत्तर तर्फको मनोरम गणेश हिमाल, बुढीगण्डकी र नेत्रावती नदीको मध्य भागमा अवस्थित विशाल मनमोहक सल्यानटार फाँट लगायत अन्य विभिन्न हिमश्रृंखला अवलोकन गर्नुका साथै दक्षिण महाभारत लेकको हरियाली दृश्य अवलोकनको लागि समेत उपयुक्त स्थान रहेको छ । गाउँपालिकाको सामिप्यमा रहेका नेत्रावती र बुढीगण्डकीको अविरल बहावका कारण बुढीगण्डकीको सौन्दर्यता, चरन क्षेत्र र टारहरुको मनमोहक दृश्य तथा संस्कृतिक रुपमा रहेका जलमूखीमाई, ढोला मण्डली, मैदी कोट, खरि कोट, अनकन्या मन्दिर (चैनपुर कोट) जस्ता धार्मिक, पुरातात्विक एवं पर्यटकीय प्रचुर सम्भावना बोकेका क्षेत्रको

विकासको माध्यमबाट गाउँपालिकामा पर्यटन, आर्थिक, सामाजिक, तथा पूर्वाधार विकास गर्न सकिने प्रवल सम्भावनाहरु रहेका छन् । हामीसँग स्रोत साधन हुँदा हुँदै पनि यसको दिगो तथा समुचित परिचालनको अभावमा अपेक्षित सामाजिक तथा आर्थिक विकास गर्न सकेको छैन । यद्यपि उपलव्ध स्रोत साधनको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोँच, दृढ संकल्प र सामूहिक ईच्छा शक्तिका साथ अघि बढेमा हामीले कल्पना गरेको समृद्ध ज्वालामूखी निर्माण गर्न सुदुर भविष्य पर्खनु पर्नेछैन ।

हामी सबै जानकार नै छौं,हाम्रा चाहना र आवश्यकताहरु असिमित छन, तर स्रोत र साधन सिमित छ। सिमित स्रोत र साधनको न्यायोचित वितरण तथा अधिकतम् प्रयोगबाट समग्र गाउँपालिका क्षेत्रका आम नागरिकको विकास तथा परिवर्तनको चाहनालाई सम्बोधन गर्न प्रयास गरिने छ । सिमित स्रोत र साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा योजना छनौट गरी समूदायको अधिकतम जनसहभागिता, सहकार्य तथा सामूहिक हित र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता र यथार्थ हो ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

**अव म यस सम्मानित सभामा चालु आ.व. २०७९/०८० को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- गाउँपालिका, विषयगत शाखा र वडा कार्यालयमा रिक्त रहेका विभिन्न सेवा समूहका २२ जना कर्मचारी समयमै प्रदेश लोक सेवा आयोग वागमती प्रदेश, हेटौडा, मकवानपुरमा माग आकृति फारम मार्फत माग गरिएको छ।
- गाउँपालिकाको विधायन समितिको सिफारिसमा चालू आ.व. मा ३४ वटा ऐन, कार्यविधि, मापदण्ड र निर्देशिका निर्माण भैसकेको छ ।
- गाउँपालिकाको एकीकृत डिजिटल प्रोफाईल निर्माण गर्नको लागि घरधुरी सर्भेक्षण गर्ने कार्य अन्तिम चरणमा पुगेकोले आगामी आ.व. २०८०/०८१ मा संस्थागत विवरण संकलन गरि एकीकृत डिजिटल प्रोफाईल निर्माण गरिनेछ ।
- गाउँपालिका र गाउँपालिका अन्तर्गतका कर्मचारीहरुको विवरण व्यवस्थापन र कार्य सम्पादन मूल्याङ्कनको लागि जनशक्ति व्यवस्थापन प्रणाली तयार भैसकेकोले आगामी आ.व. साउन १ गते देखी लागु गरिनेछ।
- गाउँपालिकाले मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, बागमती प्रदेश सरकारसँगको साझेदारीमा नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन अन्तर्गत **"ज्वालामूखी कृषि प्रवर्द्धन परियोजना कार्यक्रम"** कार्यान्वयन भैरहेको छ ।
- ज्वालामूखी ग्रामीण खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन वोर्ड स्थापना भई गाउँपालिका क्षेत्रभित्रका खानेपानी आयोजनाहरु बोर्डमा आवद्ध हुने कार्य भैरहेको छ ।

- गाउँपालिका क्षेत्रभित्रका हाते ट्याक्टर संचालक कृषकहरुका लागि हाते ट्याक्टर मर्मत सम्वन्धी तालिम सम्पन्न गरियो।
- गाउँपालिका क्षेत्रभित्रका महिलाहरुका क्षमता विकास गर्नका लागि उद्घोषण तथा प्रभावकारी भाषणकला तालिम सम्पन्न गरियो।
- गाउँपालिका क्षेत्रभित्रका ११२४३ जनाले राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता अभियानवाट अनलाईन परिचयपत्र विवरण फारम ईन्ट्रि हुने कार्य सम्पन्न भएको छ ।
- गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका लिफ्टिङ तथा डिपबोरिङ खानेपानी आयोजनाहरुको TOT मिटरमा उठेको विद्युत महशुल पूर्ण रुपमा गाउँपालिकावाट अनुदान स्वरुप उपलव्ध गराईएको छ ।
- चालु आ.व. मा नै हुलाक भञ्याङ चैनपुर बुङ्कोटघाट बाङ्गेरह सडक खण्ड कालोपत्रे हुने क्रम सुरु भैसकेको छ ।
- साधभञ्याङ खरी बुङ्कोटघाट सडक, साधभञ्याङ ढोला मैदी सडक, ससाह अमराई सडक स्तरोन्नती हुने कार्य भैरहेकोछ ।
- चालु आ.व. २०७९/०८० मा संघीय सरकार र बागमती प्रदेश सरकारवाट यस गाउँपालिका क्षेत्रभित्र विनियोजन भएका अधिकांश योजना तथा कार्यक्रमहरु सम्पन्न भईसकेको र वाँकी योजना तथा कार्यक्रहरु सम्पन्न हुने अन्तिम चरणमा रहेको छ ।
- पंञ्चवर्षीय विद्यालय सुधार योजना निर्माण सम्बन्धी प्र.अ.,वि.व्य.स. तथा शि.अ.संघका अध्यक्षहरुको लागि अभिमूखीकरण कार्यक्रम सम्पन्न भैसकेको छ ।
- पञ्च बर्षीय गाउँ शिक्षा योजना निर्माण तथा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा कार्यपालिका सदस्यहरु, राजनीतिक दलका प्रतिनिधिहरु, शिक्षकका विभिन्न संगठनका प्रतिनिधिहरु, स्थानीय बुद्धिजीवि तथा शिक्षा सँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया तथा सुझाव संकलन कार्यक्रम सम्पन्न भईसकेको छ ।
- गाउँपालिका क्षेत्रभित्रका सामूदायिक विद्यालयहरुमा **वहुकक्षा वहुस्तर शिक्षण पद्दति (MGML)** बाट १३ वटा विद्यालयमा कक्षा सञ्चालन भईसकेको छ ।
- विद्यार्थीहरुलाई आफूले निर्माण गरेका र सिकेका कुराहरुको प्रर्दशन गर्ने अवसर पाउने गरी **"सिकाई तथा शैक्षिक मेला"** कार्यक्रमको सुरुवात गरिएको छ ।
- गाउँपालिका क्षेत्रभित्रका सामूदायिक विद्यालयहरु समायोजन, ग्रेड डाउन गर्ने काम सम्पन्न भएको छ भने शिक्षक दरबन्दी मिलान कार्यक्रम सुरुवात गरिएको छ।
- गाउँपालिका क्षेत्रभित्रका सामूदायिक विद्यालयमा प्राविधिक शिक्षा अध्ययनरत दलित विद्यार्थीहरुको लागि छात्रवृत्ति वितरण कार्यक्रम सम्पन्न भैसकेको छ ।

- गाउँपालिका क्षेत्रभित्रका सामूदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत दलित, विपन्न तथा सिमान्तकृत विद्यार्थीहरुको लागि छात्रवृत्ति वितरण कार्यक्रम सम्पन्न भैसकेको छ।
- विद्यालय समायोजन कार्यक्रम अन्तर्गत पूर्ण समायोजन भएका विद्यालय ५ वटा , ४-५ ग्रेड डाउन भएका विद्यालय ३ वटा र ६-८ ग्रेड डाउन भएका विद्यालय ३ वटा गरि जम्मा ११ वटा विद्यालयको ग्रेड डाउन तथा समायोजन गरिएको छ।
- **एक वडा एक स्वास्थ्य कर्मी कार्यक्रम** अन्तर्गत सामूदायिक स्वास्थ्य सहजकर्ताहरु परिचालन गरि घरदैलोमा जनस्वास्थ्य सेवा पुर्याईएको छ ।
- **कोख देखी शोक सम्म ज्वालामूखी सरकार** कार्यक्रम अन्तर्गत जिल्लामा नमुना आमा सुरक्षा कार्यक्रम (गर्भवतीको घरमा संकेतमुलक जिवन सुरक्षा झण्डा राख्ने, गर्भ जाचको लागि निमन्त्रणा पत्र दिने, आमा समुहमा सुरक्षित मातृत्व कोष स्थापना, प्रसुति प्रतीक्षालय घरमा अनिवार्य ३ दिन सम्म सुत्केरी राख्ने व्यवस्था, स्वास्थ्य संस्था स्तरमा आकस्मिक प्रसुति स्याहार कोष संचालन गरिएको छ ।
- गर्भवती तथा सुत्केरी आमाहरुलाई निःशुल्क एम्वुलेन्स सेवा अन्तर्गत गर्भवती तथा सुत्केरी आमाहरुलाई एम्वुलेन्स सेव संचालन गरिएको छ ।
- अध्यक्ष सुत्केरी पोषण कार्यक्रम अन्तर्गत सुत्केरी भएको सातौ दिनमा स्वास्थ्यकर्मीवाट उत्तर प्रसुती घर भेट गरि सन्देश मूलक खाममा रु. १ हजार पोषण स्याहार खर्च र हाईजिन किट सहितको कोसेली झोला वितरण गरिएको छ ।
- न्यूनतम सेवा मापदण्ड अनुसार ४ वटै स्वस्थ्य चौकीहरुमा अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ र गुणस्तरीय वनाई आवश्यक व्यवस्थापन गरिएको छ ।
- गाउँपालिकालाई सफा र स्वच्छगाउँ वनाउने कार्यक्रम अन्तर्गत ७ वटा टोलहरुलाई तोकिएको सूचकहरु पुरा गरेको आधारमा **नमुना सफा र स्वच्छ गाउँ** घोषणा गरिएको छ ।
- अस्वस्थकर खाना नियन्त्रणको लागि जंक फुड निषेध अभियान अन्तर्गत सबै सामूदायिक विद्यालयहरुमा ३ च (चाउँचाउ, चकलेट र चुईगम) बन्द अभियान कार्यक्रम कार्यान्वयन गरिएको छ।
- छोरी वीमा कार्यक्रम अन्तर्गत सबै वडामा २०७९ साउन १ गते देखी जन्मिएका छोरीहरुको रु.१ लाखको पहिलो प्रिमियम वापतको रकम भुक्तानी गरिएको छ ।
- पोषण मैत्री स्थानीय तह निर्माणका लागि मासिक रुपमा २ वर्ष सम्मका वालवालिकाहरुलाई **"नियमित रुपमा जोखौं, पाकेटको आयोडिन युक्त धुलो नुन बोकौं"** भन्ने नाराका साथ वृद्धि अनुगमन गरे वापत नुन वितरण गरिएको छ ।

- स्वास्थ्य चौकीहरुमा इलेक्ट्रोनिक हेल्थ रेकर्ड सिस्टम (EHRS) कार्यान्वनको क्रममा E-Lab सुरु गरिएको छ ।
- गाउँपालिकामा ग्रामीण आँखा केन्द्र स्थापना गरि निश्चित प्रतिशत छुट गरी सस्तो र सुलब रुपमा आँखा उपचारलाई सहज बनाईएको छ ।
- गाउँपालिकामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरि आयुर्वेद उपचार सम्वन्धी सेवाको पहुँच वढाईएको छ ।
- गाउँपालिका क्षेत्रभित्रका कृषक समुह र कृषि फर्महरुलाई बाली विकास कार्यक्रम अन्तर्गत च्याउँ, मकै र धानको वीउँ वितरण गरिएको छ ।
- गाउँपालिका क्षेत्रभित्रका कृषक समुह र कृषि फर्महरुलाई कृषि औजार वितरण तथा कृषि संरचना निर्माण कार्यक्रम अन्तर्गत मिनि टिलर (हाते ट्याक्टर), राईस मिल र ट्रस्ट तथा प्लास्टिक टनेलो निर्माण गरी कार्यक्रम वितरण गरिएको छ ।
- एक वडा एक कृषि/पशु प्राविधिक कार्यक्रम अन्तर्गत चालु आ.व.मा वडा नं. १,२ र ३ मा सेवा उपलव्ध हुने गरि वडा नं. २ मा पशु तथा कृषि सेवा केन्द्र स्थापना गरिएको छ।
- गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई पशुपंक्षीमा लाग्ने विभिन्न रोग नियन्त्रणको लागि औषधी वितरण गरिएको छ ।
- **कृतिम गर्भधान मिसन** कार्यक्रम अन्तर्गत गाई भैसीमा कृतिम गर्भधान गरिएको छ ।
- गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई पशु बीमा कार्यक्रम उपलव्ध गराईएको छ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

१. यस गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम ज्वालामूखी गाउँपालिकाले परिकल्पना गरेको **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः समृद्ध ज्वालामूखीको मूल आधार"** भन्ने दीर्घकालीन सोंच समेतका आधारमा आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछाडि परेका/पारिएका समुदायहरुलाई उच्च प्राथमिकतामा राख्दै आम गाउँपालिकाबासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी तयार पारिएको छ ।

२. ज्वालामूखी सरकारले गाउँपालिकाको समग्र विकास तथा सेवा प्रवाहको लागि नवीन र रुपान्तरणकारी योजना तथा कार्यक्रम संचालन गर्नु आजको आवश्यकता हो । नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त ऐन, २०७४, अन्तर सहकारी वित्त व्यवस्था ऐन, २०७४, संघ, प्रदेश तथा स्थानीय सरकारको आवधिक योजना, दिगो विकासको लक्ष, विभिन्न राजनीतिक दलहरुको घोषणा पत्र, संघीय सरकार र बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम लगायत गाउँपालिकाको सम्पूर्ण राजनीतिक दल, संघ, संस्था, विषय विज्ञहरु, नागरिक समाज, गै.स.स, सरोकारवाला पक्षहरु

लगायतको सुझाव समेतका आधारमा सवल, सुशासनयुक्त, आत्मानिर्भर, विकास तथा प्रविधिमैत्री गाउँपालिका बनाउने संकल्पका साथ आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

३. गाउँपालिकाबाट प्रवाह गरिने सेवा प्रवाहको प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक कानूनहरु (ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, दिग्दर्शन, आचारसंहिता आदि), दीर्घकालीन, आवधिक र विषय क्षेत्रगत योजना, आयोजना बैंक, गुरुयोजना तथा नीतिहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

४. संविधान प्रदत्त अधिकारहरुको प्रभावकारी कार्यान्वयन मार्फत् स्थानीय सरकारको भूमिकालाई थप प्रभावकारी वनाउन संघीय सरकार तथा प्रदेश सरकारसँगको सहकार्य र समन्वयलाई मजवुत बनाईनेछ ।

५. आत्मानिर्भर, दिगोविकास र सामाजिक न्यायको माध्यमवाट ज्वालामूखी गाउँपालिकाको उद्धेश्यलाई प्राप्त गर्न जोड दिईनेछ ।

६. विकास तथा पुँजी निर्माण, उत्पादकत्व र उत्पादन अभिवृद्धि तथा रोजगारीको अवसर सृजनाको लागि नीति केन्द्रित हुनेछ ।

७. सार्वजनिक खर्चमा मितव्यायिता, स्रोत साधन परिचालनमा दक्षता र विनियोजन कुशलता अभिवृद्धि गरि वजेटको परिणाममूखी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

८. सूचना प्रविधिको प्रयोग गरि सार्वजनिक सेवालाई प्रविधिमैत्री, पारदर्शी, प्रभावकारी र सरलिकृत बनाईनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

अव म यस गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस गाउँपालिकाको वार्षिक गाउँ विकास योजनाको सोंच, लक्ष्य र उद्देश्यको बारेमा छोटो प्रस्तुत गर्न चाहान्छु ।

**गाउँपालिकाको दीर्घकालिन सोंचः "शिक्षा, स्वास्थ्य, कृषि , पर्यटन र पूर्वाधार– समृद्ध ज्वालामूखीको मूल आधार" रहेको छ ।**

**लक्ष्यः गाउँपालिकाको सामाजिक, आर्थिक, मानविय विकासमा अभिबृद्धि भई गाउँबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।**

**उद्धेश्यः गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय विकास, संस्थागत विकास, सेवा प्रवाह, सुशासन, समावेशी तथा गुणस्तरीय र वातावरणीय रुपमा सन्तुलित भई गाउँवासीको जीवनयापन गतिशील तथा सुरक्षित भएको हुनेछ ।**

**गाउँसभाका सदस्य ज्यूहरु,**

**अब म आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रममा भएका प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- पूर्वाधार विकास
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- कृषिमा आधुनिकीकरण र व्यवसायीकरणमा जोड
- सुशासन
- सर्वसुलव र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह
- खानेपानी र सरसफाई व्यवस्थापन
- आन्तरिक रोजगार प्रवर्द्धनमा जोड
- वातावरण र दिगो विकास
- लैंगिक तथा सामाजिक समावेशीकरण
- सूचना प्रविधिमा आधारित सेवा प्रवाह
- विपद् व्यवस्थापन, उद्धार, राहात र पुनस्थापना

गाउँसभाका सदस्य ज्यूहरु,

अव म आर्थिक विकास क्षेत्रका नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

कृषि विकास नीति

९. गाउँपालिका क्षेत्रभित्र कृषिलाई व्यवसायिकरण गरि गाउँपालिकालाई खाद्य, तरकारी, फलफुल, पशुजन्य वस्तुमा आत्मानिर्भर बनाउँदै गाउँपालिका क्षेत्रभित्र उत्पादन र उत्पादकत्व बृद्धि गर्न समुदायमा आधारित सामूदायिक कृषि व्यवसायलाई प्रोत्साहन गरिनेछ ।

१०. गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने कृषि जन्य उत्पादनलाई प्रोत्साहन गर्न **"उत्पादन साथमा अनुदान हातमा"** - उत्पादनको आधारमा कृषि अनुदान प्रणाली लागू गरिनेछ ।जस अनुरुप आगामी आ.व. देखि नै गाउँपालिका क्षेत्रभित्रका किसानले उत्पादन गरेको दुधमा उत्पादनको आधारमा प्रति लिटर रु. ३ का दरले सहकारी मार्फत अनुदान दिने नीति लिईनेछ ।साथै तरकरी तथा फलफुलमा समेत उत्पादनमा आधारित अनुदान प्रदान गर्नको लागि कानुनी संरचना निर्माण गर्ने नीति लिईने छ।

११. गाउँपालिका क्षेत्रभित्र बाझो जग्गाको लगत संकलन गरि करार र सामूहिक कृषि प्रणालीको विकास गरि कृषि तथा पशुपंक्षीजन्य उत्पादन बृद्धि गर्न **"वडाहरुलाई पकेट क्षेत्र"** घोषणा गरि कार्यक्रम संचालन गरिनेछ ।

१२. दिगो अर्थतन्त्रको विकासका लागि गाउँपालिकामा **"एक घर एक करेसावारी"** को नीतिलाई लागू गरिनेछ भने गाउँपालिकाको विशेष पहिचान बोकेको उत्पादनको खोजी गरी सो को वजारीकरण गर्दै यसका उत्पादनहरुलाई अझ गुणस्तरीयता प्रदान गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यलाई अगाडि बढाइने छ । यसको लागि आवश्यक श्रोतको व्यवस्था गरिनेछ ।

१३. गाउँपालिका क्षेत्रभित्र उत्पादित कृषि जन्य वस्तुहरु कृषक समूह वा सहकारी मार्फत संकलन गरी कृषि वजारीकरणको लागि **कृषि एम्बुलेन्स सेवा** संचालन गर्ने, व्यवसायिक फलफुल खेतीको लागि पकेट क्षेत्र हेरि आधुनिक नर्सरी स्थापना गरि समुदायमा आधारित फलफुल विकास कार्यक्रमको व्यवस्था मिलाईनेछ ।

१४. **"एक टोल एक सामूदायिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन क्षेत्र"** नीति मार्फत आमानिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।

१५. माटोको स्वच्छता कायम गर्नको लागि प्राङ्गारिक मलको उपयोगलाई प्रोत्साहन गरिनेछ। साथै जैविक रसादीको प्रयोग लाई समेत प्रोत्साहन गर्ने र गाउँपालिका क्षेत्रभित्र उत्पादित स्थानीय

कृषि तथा पशुजन्य उत्पादनको वजारीकरणको लागि **हाट वजार तथा कृषि मेला संचालन** गर्ने नीति लिईनेछ ।

१६. **"रैथानेमा गर्व गरौं"** रैथाने जातका वालीको पहिचान, प्रयोग, संरक्षण र प्रवर्द्धन गर्दै उत्पादन, उपभोग र वजारीकरणलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१७. माटोको उर्वरा शक्ति र उत्पादनमा वृद्धि गर्न खेती योग्य जमिनको माटो परिक्षण गरी माटो सुधारको लागि प्राङगारिक मल तथा कृषि चुनको प्रयोगको लागि कृषकहरुलाई प्रोत्साहन गर्ने र खाद्यान्न बालीको क्षेत्र विस्तार, उत्पादन र उत्पादकत्व वृद्धि गरि किसानलाई आत्मनिर्भर बनाउनको लागि खाद्यान्न बालीको वीउ वितरण कार्यक्रम सञ्चालन निरन्तर गरिने छ।

१८. गाउँपालिकाका सबै वडाहरूमा विरूवा उत्पादनका लागि १/१ वटा हाईटेक ग्रिन हाउस निर्माण गरि आवश्यक पर्ने विरूवा उत्पादन गरि किसानलाई वितरण गरिने छ।

१९. रासायनिक विषादिको प्रयोगको असर बारे जनस्तर सम्म जनचेतना जगाउनको लागि विद्यालय र सार्वजनिक स्थलहरूमा विषादीको असरबारे ब्यानर बनाई टासँ गरिने छ र रासायनिक विषादिको प्रयोगलाई न्यूनिकरण गर्दै स्थानीय स्तरमा पाईने चिल्ने, पोल्ने, अमिलो, पिरो र तितो जस्ता स्थानीय चिजहरूको प्रयोग गरि जैविक रसादी बनाई प्रयोग गर्न प्रोत्साहन गरिने छ।

२०. ज्वालामूखी गाउँपालिका भित्र व्यवसायिक तरकारी तथा फलफूल खेती गर्ने किसानहरूलाई बाली संरक्षण र बजारीकरणमा सजिलो बनाउँनाको लागि विषादि छेप्ने स्प्रे र क्रेट वितरण कार्यक्रम सन्चालन गरिने छ।

२१. बेमौसमी तरकारी खेती गर्न चाहाने किसानहरूका लागि तालिम संचालन गरि तरकारीको क्षेत्र विस्तारको लागि बेमौसमी तरकारीको वीउ वितरण गरिने छ ।

२२. पशुजन्यको मल-मुत्र खेर गईरहेको अबस्थामा भकारो सुधार गरी संकलन गरेको मल-मुत्र प्रयोग गरी उत्पादनमा बृद्धि गरिने छ।

२३. किसानहरुलाई सजिलो, छिटो र कम लागतमा खेती गरि उत्पादनमा वृद्धि गर्नको लागि बिभिन्न प्रकारका कृषि औजार साथै गाउँपालिका क्षेत्रभित्र मौरीको सम्भावना भएकाले व्यवसायिक मौरीपालन गर्ने किसानहरूलाई चाका सहितको मौरी घार वितरण गरिने छ।

२४. सामूहिक खेतीलाई प्राथामिकता, आकाशेपानी संकलनको लागि एक घर एक प्लास्टिक पोखरी निर्माण तथा भूमिको चक्लावन्दी गरि खेती गर्न प्रोत्साहित गरिने छ ।

२५. भूमि बैंक स्थापना गरी बाँझो जग्गा गाउँपालिकाले लिजमा लिई वास्तविक किसानलाई जग्गा लिजमा दिने र उत्पादनशील क्षेत्रमा लगानी केन्द्रित गर्ने व्यवस्था मिलाईनेछ ।

## पशु सेवा नीति

२६. गाउँपालिका क्षेत्रभित्र कृषकहरुले पालन गरेका पशुपंक्षीहरुको बीमा कार्यक्रमलाई निरन्तरता तथा पशुपालन प्रवर्द्धनको लागि प्रत्येक वडामा गौशालाको निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

२७. पशु स्वास्थ्यसँग सम्वन्धित सामाग्रीहरुको व्यवस्थापन गरि आवश्यकता अनुसार कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

२८. गोरु संरक्षण र कमजोर किसान संरक्षण अन्तर्गत हलगोरु पाल्ने कृषकलाई अनुदान दिनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२९. विभिन्न पशुपँक्षीहरूमा लाग्ने परजीवि रोग नियन्त्रणका लागि निशुल्क औषधी वितरण कार्यक्रमलाई व्यवस्थित गरि निरन्तरता दिईनेछ ।

३०. दुग्ध उत्पादनमा गाउँपालिकालाई आत्मानिर्भर एवं व्यावसायिक बनाउन गाई, भैंसीको नश्ल सुधार एवं उत्पादकत्व वृद्धिका लागि कृतिम गर्भाधान (Sexed Semen) कार्यक्रम लागू गरिनेछ ।

## सहकारी नीति

३१. गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सहकारी संस्थालाई प्रचलित कानुनको दायरामा ल्याइनेछ । साथै अव्यवस्थित एवं अमुर्त रुपमा संचालन भएका संस्थाहरुलाई विषय र उदेश्य मिलान हुने गरि एकिकरण एवं खारेजी गरिनेछ । यसको लागि आवश्यक वजेट विनियोजन गरि सहकारीलाई परस्कृत तरिकाले संचालन गर्नका लागि वातावरण तयार गरिनेछ ।

३२. "समृद्धिको लागि सहकारी अभियान" लाई सफल पार्न साना व्यवसायमा संलग्न व्यक्ति वा समूहलाई सहकारीमा आबद्ध गराई आत्मनिर्भर गराउने नीति लिइनेछ ।

३३. विद्युतीय प्रणाली मार्फत् सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्द्धन गरिने कार्यलाई निरन्तरता दिइ थप प्रभावकारी बनाइनेछ । सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धिका लागि एकीकरण गर्ने कार्यलाई प्रोत्साहन दिईनेछ ।

३४. अनौपचारिक क्षेत्रमा संलग्न महिला, दैनिक ज्यालादारीमा कार्य गर्ने मजदूरहरुलाई सहकारीमा आबद्ध गरी सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।

३५. गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुका लागि सहकारी संस्था सञ्चालन तथा व्यवस्थापन र सहकारीको ऐन कानुन सम्बन्धी क्षमता विकास तालिम संचालन गरिने छ ।

<u>उद्यमशीलता प्रवर्द्धन नीति</u>

३६. गाउँपालिका क्षेत्रभित्र रहेका उद्यमीहरूका लागि सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम सन्चालन गरिने छ ।

३७. विदेशवाट फर्केका स्थानीय व्यक्तिहरुका लागि आफुले विदेशमा आर्जन गरेको ज्ञान सीपलाई स्वदेशमा प्रयोग गरी थप उद्यमशिलताको विकास गर्न नीति लिईनेछ ।

३८. गाउँपलिका क्षेत्रभित्र उद्यमशीलताको प्रवर्द्धन गर्न नवप्रवर्तनमा आधारित उद्यम व्यवसायलाई प्रोत्साहित गरिनेछ । नवप्रवर्तनको क्षेत्रमा काम गर्न चाहने गाउँपालिका क्षेत्रभित्रको युवाहरुको दक्षता तथा सीपको उपयोग गर्न युवा उद्यमशीलता तथा रोजगार अभिबृद्धि कार्यक्रम संचालन गरि युवाहरुलाई तालिम, सीप, बिउँपूँजी (Start-Up) , प्रविधि र परामर्श उपलव्ध गराईनेछ । सो कार्यान्वयनको लागि गाउँपालिकाले कानुनी व्यवस्था तथा वजेट विनियोजन गर्नेछ ।

<u>उद्योग तथा व्यापार नीति</u>

३९. उद्योगी, व्यवसायी तथा स्थानीय समुदायसँगको सहकार्यमा स्थानीय उत्पादन वाजरीकरण लाई सहज बनाउन मेला तथा हाटवजारको आयोजना गरिनेछ ।

४०. गाउँपालिका क्षेत्रमा सञ्चालित साना तथा घरेलु उद्योगहरुको सूची तयार गरिनेछ । उक्त उद्योगहरुलाई गाउँपालिकामा दर्ता गराई त्यस्ता उद्योगहरुको प्रवर्द्धनमा गाउँपालिकाले सहजीकरण गर्ने गरी कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्नेछ ।

४१. गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका विभिन्न व्यापार व्यवसायलाई दर्ता तथा नविकरण गरि करको दायरामा अनिवार्य ल्याउनको लागि कुल कर रकमको निश्चित रकम छुट दिइ करको दायरामा ल्याइनेछ ।

<u>पर्यटन नीति</u>

४२. गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्रहरुको विकास निर्माण, संरक्षण, सम्वर्द्धन र प्रचार प्रसार गरि पर्यापर्यटन, धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन प्रवर्द्धनको माध्यमबाट स्थानीय जनताको जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण, संरक्षण, सम्वर्द्धन र बिस्तारमा जोड दिने नीति लिइनेछ ।

४३. गाउँपालिका भित्र पर्यटन विकास, विस्तार र सम्वर्द्धनका लागि गाउँपालिकास्तरीय पर्यटन गुरु योजना तयारी भईसकेका हुँदा गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण धार्मिक धरोहर, शक्तिपिठहरु, तथा पर्यटकीय क्षेत्रको क्रमश विस्तृत विकासमा टेवा पुग्ने कार्यक्रम तथा योजना तयार गरिने छ ।

४४. पर्यटन प्रवर्द्धनका निम्ति मूख्य आधारको रुपमा रहेको होटल व्यवसाय र होमस्टेलाई प्रवर्द्धन गर्न उपयुक्त वातावरण सिर्जना गर्ने पहल गरिनेछ ।

<u>सार्वजनिक साझेदारी नीति</u>

४५. सार्वजनिक निजी साझेदारीमा संचालन गरिने कार्यक्रमलाई प्राथमिकता दिइनेछ । सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने परियोजनाहरुको पहिचान, अध्ययन, विश्लेषण, मूल्यांकन तथा छनौट गरि अघि बढाइनेछ । जनस्वास्थ्य, शिक्षा, उद्यमशीलता तथा वातावरणको दिगो विकासको लागि Private People Partnership कार्यक्रमको शुरुआत गरिनेछ।

४६. सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्बन गर्दै टोल विकास संस्था, नागरिक तथा निती क्षेत्र र गैरसरकारी संघ संस्थाहरुको परिचालनवाट गाउँपालिकाको आर्थिक, सामाजिक र भौतिक विकासमा जोड दिने नीति लिईनेछ ।

४७. गाउँपालिकाले निजीक्षेत्रसंग साझेदारी गरी पूर्वाधार तथा अन्य क्षेत्रको विकासका लागि प्रचलित ऐन अनुसार सार्वजनिक, निजी साझेदारी कार्यविधि तयार गरि आवश्यकता अनुसार योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

**अव म सामाजिक विकास क्षेत्रका नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

<u>शिक्षा नीति</u>

४८. गाउँपालिका क्षेत्रभित्रका सामूदायिक विद्यालयहरुलाई सूचना प्रविधिमैत्री तथा वालमैत्री सामूदायिक विद्यालय बनाउन जोड दिईनेछ ।

४९. गाउँपालिका क्षेत्र भित्रका सामूदायिक विद्यालयहरुमा अध्ययनरत विधार्थीहरुलाई कृषि पेशा प्रति आकर्षण बढाउन **"विद्यालय करेसावारी कार्यक्रम"** तथा **"हरित विद्यालय कार्यक्रम"** संचालन गरिनेछ।

५०. नवप्रवर्तन, अनुसन्धान, विकास र आविष्कारको क्षेत्रलाई प्रोत्साहन गर्न नवप्रवर्तन, अनुसन्धान र विकास कोष स्थापना गरिनेछ । सो कार्यान्वयनको लागि स्थानीय सरकारले

कानुनी संरचना निर्माण र कुल पूँजीगत खर्चको एक प्रतिशत वजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ ।

५१. अल्पसंख्यक, लोपोन्मूख, अति सिमान्तकृत, दलित, अपाङ्गता भएका र आर्थिक रुपमा विपन्न समुदायका छात्र/छात्राको शिक्षामा पहुँच अभिबृद्धि गर्नको लागि छात्रबृति प्रदान गरिने व्यवस्था मिलाईनेछ। साथै कक्षा ११-१२ अध्ययनरत सम्पुर्ण विद्यार्थीहरुको लागि पुर्ण छात्रवृत्ति प्रदान गरि गाउँपालिका क्षेत्र भित्रका सामूदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई माध्यामिक तह सम्मको शिक्षालाई पूर्ण रुपमा निशुल्क गर्नको लागि आवश्यक व्यवस्थापकीय कार्य गरि बजेट विनियोजन गरिनेछ।

५२. सामूदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकको पेशागत विकास मार्फत प्रविधिमैत्री गुणस्तरीय शिक्षामा जोड दिईनेछ । सामूदायिक विद्यालयमा कार्यरत कर्मचारीहरु लाई आधारभुत लेखा र ICT सम्वन्धी तालिमको व्यवस्था गरिनेछ ।

५३. गाउँपालिका क्षेत्रभित्रका सामूदायिक विद्यालयमा वालवालिकालाई **"झिकाउँ, सिकाउँ, र टिकाउ"** भन्ने अभियान सञ्चालन साथै **"सिक्दै कमाउँदै-कमाउँदै सिक्दै"** र **" पढाई सँगै सिप "** कार्यक्रमको सुरुवात गरिनेछ ।

५४. सामूदायिक विद्यालयका शिक्षकहरु प्रसुती विदामा रहेको समयमा शैक्षिक क्षती हुन नदिन सट्टा शिक्षकको व्यवस्था गरिनेछ । साथै शिक्षकहरुलाई पठनपाठन गर्दा Lesson Plan अनिवार्य गर्न Lesson Plan Diary तथा शिक्षक विधार्थी लग बुक को व्यवस्था गरिनेछ ।

५५. यस गाउँपालिका अन्तर्गतका विद्यालयबाट SEE दिने विद्यार्थीहरुको लागि कक्षा ११ र १२ तथा उच्च शिक्षा छनोट गर्न आवश्यक परामर्श सेवा उपलब्ध गराइनेछ । साथै विद्यार्थीहरुसँग जनप्रतिनिधि कार्यक्रम संचालन गरिनेछ ।

५६. स्वस्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुदलाई संस्कृतिको रुपमा विकास गर्ने कार्यको सुरुवात गरिनेछ ।

५७. गाउँपालिकाको आवश्यकता अनुसार प्राविधिक विषय अध्ययन गर्ने लक्षित वर्ग र दलित विद्यार्थिहरुको लागि छात्रबृत्तिको व्यवस्था गरि अध्ययन पश्चात अनिवार्य रुपमा गाउँपालिका क्षेत्रभित्र कम्तिमा २ वर्ष सेवा गर्नुपर्ने व्यवस्था मिलाइ प्राविधिक शिक्षाको पहुँच वढाइनेछ ।

५८. यस गाउँपालिका क्षेत्रभित्रका MPhil र PhD तहमा अध्ययनरत विद्यार्थीहरुको लागि गाउँपालिका क्षेत्रभित्र अनुसन्धान गर्न Research Paper/Thesis तयार गर्न आवश्यक सहयोग गरिनेछ।

५९.	गाउँपालिकाले विपद् व्यवस्थापन, वन तथा वातावरण, कृषि र स्थानीय भाषा, रहनसहन, सस्कृति, नैतिक शिक्षा क्षेत्र समेटिने गरि स्थानीय पाठ्यक्रम निर्माण गरि पठनपाठन संचालन गरिनेछ ।

६०.	विद्यार्थीहरुलाई आफूले निर्माण गरेका र सिकेका कुराहरुको प्रर्दशन गर्ने अवसर पाउने गरी वार्षिकरुपमा **"सिकाई तथा शैक्षिक मेला"** आयोजनालाई निरन्तरता दिईनेछ ।

६१. विद्यालयहरुमा आवश्यक न्यूनतम पूर्वाधार, पुस्तकालय, कक्षाकोठा, लैङ्गिकमैत्री शौचालय तथा अपांगमैत्री संरचनाहरुको व्यवस्था गरिनेछ । बुढीगण्डकी जलविद्युत आयोजनको डुवान क्षेत्रका विद्यार्थी तथा समायोजन भएका विद्यालयका विद्यार्थीहरुका लागि आवासीय तथा Big School को व्यवस्थापन गरी पायक पर्ने र सहजै गुणस्तरीय शिक्षा लिन पाउने हकको सुनिश्चितता गरिनेछ ।

६२. आधारभुत विद्यालय (कक्षा १ देखी ५ सम्म) अंग्रेजी माध्यमवाट पठन पाठन गर्न गराउन आवश्यक पहल गरिनेछ ।

६३. हरेक वडामा कम्तीमा एक विद्यालयलाई नमूना प्रारम्भिक वाल विकास कार्यक्रम संचालन गरिनेछ । पाँच वर्ष मुनिका बालबालिकाको सर्बाङ्गीण विकासका लागि पुर्व प्राथमिक तहमा थप १ वटा (LKG कक्षा सञ्चालन गरिनेछ । कार्यक्रमको गुणस्तर वढाउन सहयोगी निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

६४.	विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित बनाइ पोषणयुक्त खाजा खुवाउन विद्यालयलाई उत्प्रेरित गरी जंक फुडको प्रयोग निषेध गरिनेछ ।

६५.	शिक्षकलाई उत्प्रेरणा बढाउनका लागि विषयगत शिक्षकहरुको रोष्टर तयार गर्ने, विषयगत तालिम ,नमुना विद्यालय भ्रमण, उत्कृष्ट शिक्षक पुरस्कार, सूचना प्रविधिसँग जोड्ने व्यवस्था साथै सेवा र सुविधाहरु समयानुकुल वढाउदै लगिनेछ । निवृत शिक्षकहरुलाई सम्मान कार्यक्रमको थालनी गरिनेछ।

६६. छात्राहरुलाइ निःशुल्क रुपमा विद्यालयमा नै गुणस्तरीय तथा पुनः प्रयोग गर्न मिल्ने स्यानिटरी प्याडको नियमित उपलव्धताको सुनिश्चितता गरिनेछ ।

६७. वीचैमा विद्यालय छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न बालमैत्री शिक्षण विधि अबलम्बन गरि जेहेन्दार, गरिब तथा विपन्न वर्गका वालवालिकाहरुलाई आवश्यकता अनुसार पाठ्यपुस्तक, पाठ्यसामाग्री र पोषाक लगायतका सामाग्री उपलब्ध गराई आधारभूत शिक्षा अनिवार्य गरि माध्यमिक शिक्षा सामुदायीक विद्यालयमा पढ्न उत्प्रेरित गरि विद्यालय छोड्न नदिने नीति ल्याईनेछ।

६८. गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुलाई आवश्यकताको आधारमा उपलव्ध शैक्षिक अनुदानलाई निरन्तरता दिइनेछ ।

६९. विद्यालय भर्नादर वृद्धि गर्ने तथा कक्षा छोड्ने दर न्यून गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । साथै सरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट वञ्चित बालबालिका तथा बयस्कका लागि प्रौढ कक्षा, वैकल्पिक शिक्षा र साक्षरता कक्षाहरु संचालन गर्न विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरिनेछ । सामूदायिक सिकाई केन्द्रलाई क्रियाशील बनाई सामाजिक विकासका विविध कार्यहरुमा सक्रिय वनाइनेछ ।

७०. सामूदायिक विद्यालयको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभूत तह र माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, विद्यार्थी तथा शिक्षक लाई प्रत्येक वर्ष उत्कृष्ट शिक्षा पुरस्कार प्रदान गर्ने कार्यको थालनी गरिनेछ ।

७१. गाउँपालिका क्षेत्रभित्रका सबै सामूदायिक बिद्यालयहरुमा बालमैत्री संरचना बनाउने, चित्र र सन्देशहरु लेख्ने एवं विद्यालय भवनमा एउटै रङ्ग प्रयोग गर्ने लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

७२. पञ्चवर्षीय गाउँ शिक्षा योजना तयार गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यलाई निरन्तरता तथा तहगत रुपमा नियमानुसार प्रधानाध्यापकको व्यवस्था गरिनेछ ।

७३. सामूदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई मासिक रुपमा तलव, भत्ता उपलव्ध गराउने नीति लिईनेछ ।

७४. सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार अन्तर्गत हरेक शुक्रबार विद्यालयमा अतिरिक्त क्रियाकलाप गरिने र त्यसको लागि **"नो ब्याग, नो बुक"** कार्यक्रमको नीति लिईनेछ।

७५. गाउँपालिका क्षेत्रभित्र **Multi Grade Multi Level Methodlogy (MGML) "बहु कक्षा बहु स्तर सिकाइ पद्धती"** लाई निरन्तरता दिइनेछ ।

<u>स्थास्थ्य तथा पोषण नीति</u>

<u>गाउँपालिकाको स्वास्थ्य सम्वन्धि नाराः "कोख देखी शोक सम्म ज्वालामूखी सरकार" रहेको छ ।</u>

७६. जनस्वास्थ्यमा लगानी वढाउनको लागि स्वास्थ्य क्षेत्रको वजेटलाई क्रमश बृद्धि गर्दै स्थानीय स्वास्थ्य प्रोफाईल निर्माण गरि **"सबै नीतिमा स्वास्थ्य (Health in All Policies)"** भन्ने मान्यतालाई अगाडि वढाउदै स्वास्थ्य लक्ष्य निर्धारण गरि योजना, वजेट र कार्यक्रम तर्जुमा

गरि आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, कम खर्चिलो तथा गुणस्तरीय एवं भरपर्दो बनाउने नीति लिइनेछ ।

७७. स्थानीय स्वास्थ्य प्रणालीको विकास र सवलीकरणका लागि आधारभूत स्वास्थ्य सेवा, आयूर्वेद र वैकल्पिक चिकित्सा, मानसिक तथा निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक र पूर्नस्थापनात्मक सेवालाई एकिकृत रुपमा संचालन गरिनेछ ।

७८. गाउँपालिकाबाट सञ्चालन गरिएका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु, नागरिक आरोग्य सेवा केन्द्र, ज्वालामूखी ग्रामीण आँखा केन्द्र तथा सामूदायिक स्वास्थ्य एकाईहरुको क्रमिक रुपमा स्तरोन्नती गरी सेवा सञ्चालन गरिनेछ । निःशुल्क सूचीका औषधीहरु सहज रुपमा वितरण गर्ने नीति रहनेछ ।

७९. गाउँपालिकामा महिला सामूदायिक स्वास्थ्य स्वयंसेविकाले गरेको योगदानको कदर गर्दै हाल पाईरहेको सेवासुविधामा समयानुकूल पुनरावलोकन गरी सेवालाई थप प्रोत्साहित गरिनेछ । महिला सामूदायिक स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास तथा अन्य अवसरहरु प्रदान गरि सेवाको पहुँच र गुणस्तर वृद्धि गरिनेछ ।

८०. सवै नागरिकहरुलाई स्वास्थ्य वीमा कार्यक्रममा समावेश गराउनको लागि महिला सामूदायिक स्वास्थ्य स्वयंसेविकाहरु, अति विपन्न, दलित तथा एकल महिला, एकल पुरुष, सहारा विहिन, अति अशक्त र अपांगता भएका व्यक्तिलाई निःशुल्क वीमा गर्ने व्यवस्था गरि आगामी ५ वर्ष भित्र पूर्ण स्वास्थ्य वीमित गाउँपालिका बनाईनेछ ।

८१. वढ्दै गएको नसर्ने रोगहरु तथा मानसिक रोगहरुको प्रभाव न्यूनीकरणका लागि स्वास्थ्य सचेतना, स्क्रिनिङ, निदान, उपचार तथा व्यवस्थापनको सहज पहुँच विस्तार तथा आवश्यकता अनुसारको पूर्नस्थापना सेवा समेत स्थापना गरिनेछ । विशेष राहत कोष स्थापना गरी आवश्यक सहयोग तथा व्यवस्थापनमा जोड दिईनेछ ।

८२. प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवालाई जोड दिन साथै **"कोख देखि शोक सम्म ज्वालामूखी सरकार"** घरदैलोमा जनस्वास्थ्य सेवा कार्यक्रमलाई प्रभावकारी वनाउनका लागि एक वडा एक स्वास्थ्यकर्मी परिचालन कार्यक्रम अन्तर्गत सामूदायिक स्वास्थ्य सहजकर्ताहरुको प्रभावकारी परिचालनको व्यवस्था मिलाईनेछ ।

८३. विद्यालय स्वास्थ्य तथा पोषण शिक्षा, किशोर किशोरी प्रजनन् स्वास्थ्य, महिनावारी स्वच्छता व्यवस्थापन जस्ता कार्यक्रमहरुलाई विस्तार गरि थप प्रभावकारी वनाइनेछ । साथै विद्यालयमा संचालनमा रहेको दिवा खाजालाई पोषणमैत्री बनाई अस्वस्थकर खाना निषेध अभियान अन्तर्गत जंक फुड निषेधका लागि ३ च बन्द कार्यक्रमलाई पूर्ण रुपमा

कार्यान्वयनमा लगिनेछ ।स्वास्थ्य शाखा र शिक्षा, यूवा तथा खेलकुद शाखासँग समन्वयमा एकिकृत स्वास्थ्य शिक्षा तथा पोषण कार्यक्रम संचालन गरिनेछ ।

८४. टेलिमेडिसिन सेवा तथा ल्याव सेवालाई थप प्रभावकारी वनाई स्वास्थ्य संस्थालाई सूचना प्रविधि मैत्री (डिजिटलाईज) गर्नका लागि नविनतम् कार्यक्रम संचालन गरि पेपरलेस सेवा, साथै छिटो छरितो सेवा प्रदान गरि अभिलेख तथा प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित बनाइनेछ ।

८५. वडा कार्यालयमा जन्मदर्ता गर्न आउने छोरीहरुका लागि रु. एक लाखको जिबन विमा गर्न प्रोत्साहन गरिनेछ । यसको लागि विमा किस्ता वापतको पहिलो किस्ता रकम गाउँपालिकाले भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८६. गाउँपालिकामा संचालनमा रहेको ज्वालामूखी ग्रामीण आँखा केन्द्र र नागरिक आरोग्य सेवा केन्द्रलाई थप व्यवस्थित वनाई सेवाको पहुँच र गुणस्तर सुधार गरिनेछ ।

८७. नमुना आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी वनाइनेछ साथै सो को प्रभावकारी कार्यान्वयनका लागि सहयोगी संघसंस्थाहरु तथा सरोकारवालाहरुसँग सहयोग, समन्वय र सहकार्यलाई जोड दिईनेछ।

८८. स्वास्थ्यकर्मीहरुको क्षमता विकास तथा उत्प्रेरणाको लागि आवश्यक कार्यहरु गरिनेछ । समयानुकूल अध्ययन अवलोकन भ्रमण, तालीम तथा अन्य अवसरहरु सिर्जना गरिनेछ ।

८९. गाउँपालिकामा निर्माणाधिन १५ शैयाँको अस्पताल निर्माण कार्यलाई तोकिएको समय सिमा भित्र सम्पन्न गर्नका लागि निरन्तर अनुगमन गरिनेछ । अन्य स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकासमा विशेष जोड दिइ सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी वनाइनेछ । स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड समिक्षा गरि सो को क्रममा पाईएका दुरी पहिचान गरि समाधानका लागि अनुदान तथा अन्य सहायता प्रदान गरिनेछ ।

९०. सफा र स्वच्छ गाउँ बनाउने अभियानलाई पूर्ण बनाउन विशेष अभियान संचालन गरिनेछ । सो अभियानलाई पूर्ण बनाउन ज्वालामूखी ग्रामीण खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन वोर्डको संस्थागत क्षमता विकासमा जोड दिइनेछ ।

९१. पोषणमैत्री स्वास्थ्य संस्था र पोषणमैत्री स्थानीय तह वनाउनका लागि तोकिएका सूचकहरु पूरा गर्नका लागि आवश्यक कार्यहरु गरि घोषणाका लागि तयार गरिनेछ ।

९२. पूर्ण खोप सुनिश्चितता र दीगोपनाको कार्यलाई निरन्तरता दिइ सवै वालवालिकाहरुलाई तोकिएको समय सीमाभित्र पूर्ण बनाउन प्रभावकारी र गुणस्तरीय खोप सेवा संचालनमा जोड दिइनेछ।

९३.कडा रोग लागेका भनी आधिकारीक चिकित्सकवाट प्रमाणित भएका विरामी मृगौला रोग, मुटु रोग, क्यान्सर, स्पाइनल कर्ड इन्जुरी भइ पारालाइसिस भएका साथै कडा मानसिक रोग भएका विरामीहरुको लागि उपचार सहयोग विगत देखि दिईदै आइरहेकोमा यस आर्थिक वर्षमा सो कार्यलाई निरन्तरता दिईनेछ ।

९४. गाउँपालिकावाट सञ्चालन हुने गरि एम्वुलेन्स सेवा साथै शव वाहन सेवा व्यवस्थापन गर्नका लागि आवश्यक पहल गरिनेछ । साथै विगतमा सञ्चालनमा रहेका एम्वुलेन्सहरुको सेवा निरन्तरताका लागि **एम्वुलेन्स मर्मत संभार कोष** स्थापना तथा परिचालन गरिनेछ । खरी स्वास्थ्य चौकीवाट समेत एम्वुलेन्स सञ्चालन गर्नका लागि प्रयास गरिनेछ ।

९५. प्रजनन् रुग्णता भएका महिलाहरुलाई विशेष उपचार तथा स्याहारको व्यवस्था मिलाईनेछ । पाठेघर खस्ने तथा अब्सट्रेटिक फिस्टुला भएकाहरुलाई निःशुल्क उपचार तथा सामाजिक पूर्नस्थापनाको व्यवस्था मिलाइनेछ । पाठेघरको मुखको क्यान्सर पत्ता लगाउनको लागि सवै स्वास्थ्य संस्थाहरुमा भि.आई.ए. जाँचको व्यवस्था मिलाईनेछ ।

९६. **"स्वस्थ नागरिकः घरमै स्वास्थ्य सेवा"** कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम, गर्भवती महिला, दीर्घरोग भएका, अपांगता भएका र स्वास्थ्य संस्थाको पहुँचमा पुग्न नसकेका व्यक्तिलाई नियमित परीक्षण, परामर्श, औषधी र उपचार सहित घरमै स्वास्थ्य सेवा प्रदान गर्न शुरुवात गरिनेछ ।

९७. स्वस्थ आहार-विहार, पोषण, व्यायम लगायत स्वस्थ जीवनशैली अवलम्वन गर्न मेरो स्वास्थ्यः म स्वस्थ मेरो गाउँ स्वस्थ अभियान संचालन गरिनेछ । नसर्ने रोगको भार कम गर्नका लागि ३० वर्ष कटेका नागरिकहरुको अनिवार्य रुपमा हरेक ६ महिनामा वि.एम.आई, रक्तचाप, रगतमा चिनी र पिसावमा प्रोटिनको जाँच गर्ने व्यवस्था मिलाइनेछ ।

९८. गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्वुलेन्स सेवा, अध्यक्ष सुत्केरी पोषण कार्यक्रम, क्याल्सियम तथा फोलिक एसिड चक्की वितरण, उत्तर प्रसुती कोशेली भेट, वृद्धि अनुगमनलाई प्रोत्साहनका लागि पाकेटको धुलो नुन दिने कार्यक्रमलाई निरन्तर संचालन गरिनेछ ।

९९. गाउँपालिका स्वास्थ्य योजना तयार गरि सो को प्रभावकारी कार्यान्वयन गरिनेछ । अभिलेख तथा प्रतिवेदनलाई चुस्त वनाउन मासिक प्रगति समिक्षा, नियमित क्रस भेरीफिकेशन साथै (Routine Data Quality Assessment) लाई नियमित रुपमा संचालन गरिनेछ । जनस्वास्थ्य विश्लेषण (Public Health Analysis-PHA) गरि नविनतम् जनस्वास्थ्य कार्यक्रमहरु संचालन गरिनेछ । सवै स्वास्थ्य चौकीमा इ-हेल्थ रेकर्ड "Electronic Health Record" शुरु गरि Data Management" प्रभावकारी वनाइनेछ । सामाजिक परिक्षण तथा अन्य सुशासन र व्यवस्थापनका गतिविधिहरु संचालन गरि सेवाग्राही मैत्री स्वास्थ्य सेवा बनाउदै लगिनेछ ।

१००. नसर्ने रोगीहरुको प्रोफाईल तयार गरि मधुमेह तथा उच्च रक्तचापको औषधीहरु निःशुल्क वितरणको व्यवस्था मिलाईनेछ । योग अभ्यास तथा सकारात्मक जीवनशैलीको विकास गराउन साथै खानपानमा आमूल परिवर्तन ल्याउनका लागि विशेष अभियान संचालन गरिनेछ ।

१०१. मनोसामाजिक सहायता तथा परामर्श कक्ष स्थापना तथा संचालन गरि मनोसामाजिक स्वास्थ्य सेवालाई विद्यालयहरुमा समेत विस्तार गरिनेछ ।

१०२. विपद तथा अन्य महामारी व्यवस्थापनका लागि आवश्यक व्यवस्थापन तथा बृहत्त स्वास्थ्य सचेतना अभियान कार्यक्रम संचालन गरि समुदाय स्तरमा सघन रोकथामात्मक अभियान संचालन गरिनेछ । द्रुत प्रतिकार्य टोलीलाई तयारी अवस्थामा राखिनेछ । Contingency Plan तयार गरि कार्यान्वयनमा ल्याइनेछ ।

१०३. खाद्य सुरक्षा तथा पोषण निर्देशन समिति, खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति, स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई प्रभावकारी परिचालन गरि नवशिशु, शिशु, वाल स्वास्थ्य, किशोरी स्वास्थ्य र मातृ स्वास्थ्यलाई घरदैलोमा पुर्याउन सुनौलो हजार दिन कार्यक्रमलाई थप प्रभावकारी वनाइनेछ ।

१०४. फोहोरमैलाको समूचित व्यवस्थापनका लागि न्युनीकरण, पुन प्रयोग र चक्रिकरणमा जोड दिने साथै गाउँपालिका तथा वडा स्तरमा स्यानिटरी ल्याण्डफिल तथा डम्पीङ साइटको व्यवस्था गरि फोहोरमैलाको समूचित व्यवस्थापनमा जोड दिइनेछ ।

१०५. गाउँपालिकामा संचालनमा रहेको एक विद्यालय एक नर्स कार्यक्रम प्रभावकारी भएकोले सो को समयानुकुल सुधार साथै सवै माध्यमिक विद्यालयहरुमा विस्तारको लागि आवश्यक पहल, समन्वय र सहकार्य गरि थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१०६. प्रत्येक वडामा विशेषज्ञ स्वास्थ्य शिविर संचालनको लागि विभिन्न संघ/संस्था सँग समन्वय गरी सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

१०७. गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाले विरामीहरुलाई थप उपचारको लागि रिफर गर्दा विरामीहरुको सहजताको लागि थप उपचार हुने स्वास्थ्य संस्थासँग समन्वय गरी पठाउने व्यवस्था मिलाईनेछ ।

१०८. रक्तदान कार्यक्रमलाई नियमित रुपमा संचालन गरि रगतको अभाव पूर्तीको लागि रक्तदान जीवनदान भन्ने नारालाई पूर्ण बनाउन नेपाल रेडक्रस सोसाइटीसँग समन्वय, सहयोग र साझेदारीमा गाउँपालिकावासीलाई आवश्यक रगत निःशुल्क उपलव्ध गराउने गरि कार्यक्रम संचालन गरिनेछ ।

१०९. **नमुना आमा सुरक्षा** कार्यक्रम, पोषणमैत्री स्थानीय तह निर्माण तथा सफा र स्वच्छ गाउँ घोषणा कार्यक्रमलाई विशेष महत्व दिई विभिन्न सहयोगी संघ संस्थाहरुसँग समन्वय, साझेदारी र सहकार्यमा कार्यक्रमहरुलाई पूर्ण रुपमा कार्यान्वयनमा जोड दिइनेछ ।

११०. हरेक शुक्रवार सरसफाई दिनको रुपमा **दश वजे दश मिनेट** तोकी विद्यालयहरु, टोल विकास समितिहरु, कार्यालयहरु, सवै घरधुरीहरुले अनिवार्य रूपमा आआफ्नो क्षेत्रमा सरसफाईको कार्यहरु नियमित रुपमा गर्ने व्यवस्था मिलाउने नीति लिइनेछ ।

<u>महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपांगता तथा समाजकल्याण नीति</u>

१११. लैङ्गिक हिंसामा परेका, अति विपन्न, सिमान्तकृत असहाय महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आर्थिक रुपमा कमजोर तथा असक्तहरुलाई सहायता, संरक्षण, उद्धार गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ । आत्मानिर्भर बनाउन सीप र क्षमता विकास गराई आवश्यक प्रविधि समेत हस्तान्तरण गर्ने नीति लिईनेछ ।

११२. हिंसामा परेकाका लागि पुनःस्थापना केन्द्रको स्थापना र अस्थायी रुपमा आश्रय दिई उनीहरुको क्षमता विकास गरी स्वरोजगारमूलक कार्यमा सहभागी गराउने एवं सम्भव भएसम्म परिवारसँग पुनर्मिलन गराउनका लागि सरकारी तथा गैर– सरकारी संघसस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

११३. अपाङ्गता भएका व्यक्तिको लागि तथ्याङ्क संकलन तथा सहज तरिकाले परिचय पत्र वितरण, अपाङ्गता भएका व्यक्तिको प्रकृति र आवश्यकता अनुसारको तालिम जस्तैः बहिरा अपाङ्ग भएका व्यक्तिको लागि साङ्केतिक भाषा तालिम, बौदिक अपाङ्गता भएका व्यक्तिहरुलाइ आवश्यक तालिम संचालन गरिनेछ ।

११४. बालमैत्री गाउँ घोषणा गर्न पुरा गर्नुपर्ने सबै सूचकहरुको बारेमा सम्बद्ध सवै सरोकारवाला निकाय र समुदायसँग सहकार्य गर्दै आवश्यक पूर्बाधार विकास र सामाजिक विकासका गतिविधि संचालन गर्न आगामी आर्थिक वर्षबाट तदारुकताका साथ कार्यक्रम तथा योजनाहरु सञ्चालन गरिने छ।

११५. वाल विवाह, अनमेल विवाह जस्ता सामाजिक विकृति, विसङ्गतिलाई न्यूनीकरण गर्नको लागि तथा लैङ्गिक समानता, छुवाछुत तथा जातीय विभेदमुक्त गाउँपालिका घोषणा तथा सामाजिक समावेशीकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

११६. अनाथ, शारीरिक रुपमा अशक्तहरुको शिक्षा, स्वास्थ्यको लागि आवश्यक राहतकोष व्यवस्था गरिनेछ ।

११७. जोखिममा रहेका वर्गहरुको (एकल महिला/पुरुष, दलित, गर्भवती महिला,असहाय बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक आदि) कम्तिमा वार्षिक रुपमा आर्थिक, सामाजिक तथ्यांक संकलन गर्ने र सोहि तथ्यको आधारमा पालिकाले वार्षिक नीति, योजना, कार्यक्रम र बजेट विनियोजन गर्नका लागि **“जोखिममा रहेका वर्गहरुको तथ्यांक संकलन र अद्यावधिक कार्यविधि”** निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

११८. लक्षित वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याउन र विकासमा सहजिकरणको भूमिका निर्वाह गर्न आवश्यकता अनुसार गाउँपालिकामा महिला, युवा, बाल क्लब, दलित, आदिवासी जनजाति समन्वय समिति गठन गरिनेछ । यी समन्वय समितिहरुलाई लक्षित वर्गको लागि सञ्चालन भएका कार्यक्रमहरुको अनुगमन, मुल्याङ्कन तथा सहजीकरण कार्यमा सहभागि गराईने छ ।

११९. असहाय, शारीरिक रुपमा अशक्तहरुको शिक्षा, स्वास्थ्यको लागि आश्यक राहतकोष व्यवस्था गरि आर्थिक रुपमा कमजोर वर्गका लागि आयमुलक तथा सीपमुलक कार्यक्रम गैरसरकारी संस्था समेतको साझेदारीमा संचालन गरीने छ ।

१२०. विभिन्न जातजाति, भाषाभाषी, आदिवासी जनजातिहरुको धर्म संस्कृति तथा परम्परा संरक्षण, जनजातिहरुका साँस्कृतिक स्थल तथा परम्परामा आधारित मठ मन्दिर, गुम्वा, चर्च, मस्जिद विहार जस्ता सम्पदा तथा असल संस्कृतिको संरक्षण र प्रवर्द्धनमा लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२१. दलितहरुको समान हक र अधिकारको प्रवर्द्धन, निर्णय प्रकृयामा समेत समावेशीकरण र उनीहरुको संस्थागत सञ्जाल विकास गर्न जोड दिइनेछ र दलित वर्गको समग्र आर्थिक उन्नतिका लागि परम्परागत पेशालाई आधुनिकीकरण गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२२. गाउँपालिका क्षेत्रभित्र कुलत तथा द्रुव्यसनीमा फसेका किशोर किशोरीहरुको पहिचाहन गरी निजहरुको सुधारको लागि आवश्यक प्रशिक्षण एवं सचेतनामुलक कार्यक्रम गरिनेछ ।

१२३. बुहारी तथा आर्दश जोडी सम्मान कार्यक्रमको शुरुवात गरिने छ ।

१२४. कार्यस्थलमा हुने लैङ्गिक तथा यौनजन्य द्रुव्यवहार निवारण आचार संहिता २०८० बनाई लागू गरिने छ ।

<u>खानेपानी तथा सरसफाई नीति</u>

१२५. गाउँपालिका क्षेत्रभित्र खानेपानी सेवा संचालन दिगो विस्तार र वितरण प्रणालीलाइ सुदृढ गरी गाउँपालिकावासीलाई **"एक घर एक मिटर सहितको धारा"** निर्माण गरी सुरक्षित

खानेपानीको उपलव्धतामा सर्वसुलभ र सहज गराउने नीतिलाई तिव्रताका साथ कार्यान्वयन गरिनेछ । यसका लागि परम्परागत स्रोतको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ ।

१२६. गाउँपालिका क्षेत्रभित्र लिफ्ट सिस्टम तथा डिप बोरिङको माध्यम वाट **एक घर एक मिटर सहितको धारा** मार्फत खानेपानी प्रयोग गर्ने उपभोक्ताहरुलाई विद्युत महशुल अनुदानको लागि वजेट विनियोजन गरि निरन्तरता दिईनेछ ।विद्युत महशुलमा अनुदान पाएका खानेपानी उपभोक्ता समितिहरु अनिवार्य रुपमा ज्वालामूखी ग्रामीण खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्डमा आबद्ध हुनुपर्ने नीति लिईनेछ ।

१२७. गाउँपालिकामा पूर्ण सरसफाइ रणनीतिक योजना ,वास प्लान तयार भै कार्यान्वयनको चरणमा रहेकोले गाउ **"पालिकालाई पूर्ण सरसफाइयुक्त गाउ"** पालिका घोषणाको लागि नीति तथा कार्यक्रम तय गरी सघन पूर्ण सरसफाइ कार्यक्रम कार्यान्वयनमा ल्याइ २०८२ भित्रमा गाउँपालिकालाई सफा र स्वच्छ गाउ" घोषणा गर्ने गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

१२८. ज्वालामूखी गाउँपालिकाको ग्रामीण खानेपानी , सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको संस्थागत विकास गरी गाउँपालिका भित्र संचालन हुने खानेपानी, सरसफाइ र स्वच्छता सम्वन्धी सम्पूर्ण सेवाहरु खानेपानी बोर्ड मार्फत एकद्धार प्रणालीद्धारा संचालन गरिनेछ ।

१२९. हाल संचालनमा आएका खानेपानी आयोजनाहरुको नियमित अनुगमन गरी मर्मत सम्भारको सुनिश्चितता संचालन र व्यवस्थापनमा आवश्यकता अनुसार नविनतम तथा उपयुक्त प्रविधियुक्त प्रकृया र अभ्यासहरुको प्रयोगलाइ प्रोत्साहन गर्दै खानेपानी र सरसफाइको सर्वसुलभता र सहजता कायम राखी गुणात्मक सेवा प्रदान गरिनेछ ।

१३०. खानेपानीको गुणस्तर सुधार कार्यलाई प्राथमिकताका साथ अगाडी बढाई गाउँपालिका भित्र खानेपानी परिक्षण ल्याव संचालन गरिनेछ । साथै गाउँपालिका भित्रका खानेपानीको परिक्षण वर्षमा कम्तिमा २ पटक अनिवार्य गर्ने व्यवस्था मिलाइनेछ ।

१३१. गाउँपालिका भित्र संचालन भएका खानेपानी मुहानहरुको संरक्षण, विकास र समुचित प्रयोग मार्फत आयोजनाहरुको संचालन,मर्मत ,सम्भार र व्यवस्थापन गरी खानेपानी बोर्डमा हस्तान्तरण गराइ संरचनाको दिगोपनाको व्यवस्था गरिनेछ ।

१३२. फोहोरको व्यवस्थापनलाई प्रोत्साहन र प्रवर्द्धन गरी फोहोरको वर्गीकरण उचितरुपमा संकलन र विसर्जन कार्यका लागि कम प्रयोग गर्ने र पूनः प्रयोग गर्ने अभ्यासलाइ विशेष योजना बनाई कार्यान्वयन गरिनेछ । साथै गाउँपालिका भित्र प्लाष्टिक जन्य वस्तुहरु आयात कम गर्न नीतिगत व्यवस्था गरिनेछ ।

१३३. गााउँपालिका क्षेत्रभित्रका ७ वटै वडाहरुमा **एक वडा एक टोल** छनौट गरी **"नमुना सफा स्वच्छ गाउँ"** वनाउन प्रोत्साहन गरिनेछ ।

१३४. सवै खानेपानी तथा सरसफाइ योजनाहरुलाइ डिजिटलाइजेशन गर्नको लागि एन वास सफ्टवेयर र वास प्लानमा भएका डाटाहरुलाइ अपडेट गर्दै लगिनेछ ।

१३५. बैकल्पिक उपायहरुको खोजी गरी उपयुक्त र आवश्यकता अनुसार बहुस्रोत (Multiple Source) र बहुप्रविधि (Multiple Technology) योजनाहरु जस्तैः पानी रिजार्जको लागि पोखरी ,ताल निर्माण गरी वर्षातको पानी संकलन र सौर्य पम्पको प्रयोगको सेवा विस्तार गरिनेछ ।

१३६. जलवायु अनुकुलन तथा विपत व्यवस्थापनका क्रियाकलापलाई एकिकृत गरी जोखिम न्यूनीकरण तथा रोकथामको लागि विपत् पूर्व तयारी , जोखिम आकलन , जोखिम सम्वन्धी सचेतना र विपत प्रतिकार्यको तयारी गरिनेछ ।

१३७. गाउँपालिका क्षेत्र भित्रका मुख्य मुख्य सार्वजनिक स्थल,वजार क्षेत्रमा र संस्थाहरुमा संस्थागत तथा सार्वजनिक शौचालय निर्माण गरी शौचालयको उचित प्रयोग र व्यवस्थापनको जिम्मेवारी टोल विकास संस्थालाइ दिइनेछ ।

१३८. गाउँपालिका क्षेत्र भित्रका संघ संस्था परिसरमा हरियाली पार्क निर्माण र खानेपानीको मुहान संरक्षणका लागि उचित प्रकारको वृक्षारोपण कार्यलाइ योजना सहित कार्यान्वयनको शुरुवात गरिनेछ।

१३९. सरसफाइ र स्वच्छतामा **"स्मार्ट विद्यालय"** को कन्सेप्टको योजना तय गरी कार्य शुरु गरिनेछ।

१४०. ऐतिहासिक ढुङ्गेधारा, पोखरी, कुवा र परम्परागत खानेपानीका स्रोतलाई सम्पदाको रुपमा संरक्षण र उपयोग गर्ने नीति लिईनेछ ।

१४१. घरायसी बायोग्याँस र विद्युतीय चुलोको प्रयोग मार्फत पेट्रोलियम पदार्थ र एल्.पि. ग्यासको प्रयोगलाई क्रमशः विस्थापित गर्दै लगिनेछ ।

<u>संस्कृति तथा सम्पदा नीति</u>

१४२. ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका टोल, बस्ती, मठ, मन्दिर, स्थानीय रितीरिवाज, भाषा, लिपी, कला, संस्कृति, जात्रा, परम्परा जस्ता अमूर्त सम्पदाको संरक्षण तथा सम्बर्धन गर्ने नीति लिइनेछ।

१४३. ऐतिहासिक एवं धार्मिक दृष्टिले महत्वपूर्ण रहेका ढोला मण्डली माई मन्दिर, जलमुखी माई मन्दिर, अनकन्या मन्दिर, खरीकोट, मैदीकोट लगायतका क्षेत्रहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ।

१४४. गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न जात र जनजातीको साँस्कृतिक पहिचानको जगेर्ना गर्नको लागि संग्रालय निर्माण गर्ने कार्यको थालनी गरिनेछ ।

१४५. धादिङ जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिका स्थित बुढीगण्डकी तथा आखु दोभानमा अबस्थित धार्मिक तथा पर्यटकीय धरोहर नरशिहंधाम निर्माण तथा व्यवस्थापनका लागि आवश्यक सहयोगमा निरन्तरता दिईनेछ ।

<u>युवा तथा खेलकुद नीति</u>

१४६. खेलकुदको माध्यमद्वारा युवाहरुको व्यक्तित्व विकास गर्न गाउँपालिका क्षेत्रमा शारीरिक व्यायामशाला, हेल्थ क्लब रंगशाला/कबर्डहलको विकास तथा विस्तार र गाउँपालिका क्षेत्र भित्र एक गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण गरी गाउँपालिका क्षेत्र भन्दा वाहिरका खेलाडीहरुलाई समेत आर्कषण गर्ने गरी खेलकुद क्षेत्रको विकास गरिनेछ ।

१४७. युवाहरुलाई कुलत तथा द्रुव्यसनबाट बचाउन सचेतनामूलक, रोकथाममूलक, मनोपरामर्श तथा उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४८. युवाहरुका लागि स्वरोजगारमुलक सीप तथा क्षमता विकास तथा उद्यमशिलता सम्बन्धी कार्यक्रमहरु संचालन गर्न आवश्यक पहल गरिनेछ ।

१४९. युवा वर्गलाई खेल प्रति आकर्षित गर्नका लागि राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष कप खेलकुद प्रतियोगिता आयोजना तथा गाउँपालिका स्थायी ठेगाना भई जिल्ला स्तरिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा महत्वपूर्ण सिल्ड, मेडल, पदक विजेता हुनुहुने खेलाडीलाई उचित सम्मानका साथ पुरस्कारको व्यवस्था मिलाईनेछ।

१५०. गाउँपालिकाको प्राथमिकताका विभिन्न क्षेत्रका लक्ष प्राप्त गर्नको लागि **"स्वयंसेवक सेवा कोष"** मार्फत स्वयंसेवक परिचालन तथा स्वयंसेवाको प्रवर्द्धन गरि गाउँपालिकाको विकास तथा विपद् व्यवस्थापन लगायतका कार्यमा युवा शक्ति परिचालन गरिनेछ ।

<u>सामाजिक सुरक्षा र संरक्षण नीति</u>

१५१. नेपाल सरकारले ज्येष्ठ नागरिकलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता बैङ्क प्रणाली मार्फत घर– टोल बस्तीमै उपलब्ध गराईने अभ्यासलाई निरन्तरता दिइनेछ । प्रत्येक वर्ष **“ज्येष्ठ नागरिक सम्मान कार्यक्रम”** को आयोजना गरिनेछ ।

१५२.	लक्षित वर्ग तथा दलितको पहुँच बढाउन निजामती लागायतका सार्वजनिक सेवा प्रवेशका लागि प्रतिस्पर्धीका लागि आवश्यक पर्ने क्षमता विकास कार्यक्रम अन्तर्गत लोक सेवा तयारी कक्षा संचालन गरिनेछ ।

१५३.	सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीति तर्जुमा गर्ने र सोही नीति अनुरुप बालबालिका पुनर्स्थापना केन्द्र,ज्येष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना गरी संचालनमा ल्याउन पहल गरिनेछ ।

१५४.	सि.टी.ई.भि.टी. तथा व्यवसायी तालिम केन्द्रवाट सीपमूलक तालिम लिएकाहरुलाई सीप विकास प्रमाणिकरण गर्न पहल गरिनेछ ।

<u>गैरसरकारी संस्था तथा नीति</u>

१५५.	गाउँपालिका क्षेत्रभित्र योजना तथा कार्यक्रम संचालन गर्न गैर सरकारी संघ संस्थासँग आवश्यक समन्वय र सहकार्य गरि एकद्धार नीति मार्फत योजना तथा कार्यक्रम संचालन गरिनेछ । योजना तथा कार्यक्रम गर्दा गराउँदा अनिवार्य रुपमा त्रिपक्षीय सम्झौता गरि कार्यान्वयन गर्ने र कार्यक्रमको अर्धवार्षिक र वार्षिक प्रगती विवरण गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नुपर्ने प्रावधानलाई कडाइकासाथ कार्यान्वयन गरिनेछ । गैर सरकारी संस्था मार्फत योजना तथा कार्यक्रम गर्दा अनिवार्य रुपमा गाउँपालिकासँग समन्वय गरेरमात्र गर्नुपर्नेछ । यसरी कार्यक्रम सञ्चालन नगरेको पाइएमा कार्यक्रम संचालन गर्न रोक लगाइने नीति समेत अवलम्वन गरिनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

**अव म पूर्वाधार विकास क्षेत्रका नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

<u>भौतिक पूर्वाधार नीति</u>

१५६.	पाल्पा भञ्ज्याङ– हुलाक भञ्ज्याङ– ढोला मैदी पिपलटार सडक, ससाह– अमराई – मैदी– रातमाटे माझिटार– मजुवा सडक, हुलाक भञ्ज्याङ– चैनपुर– बाङ्गेरह, बुङ्कोटघाट सडक, साधभञ्ज्याङ– खरी– बुङकोटघाट सडक समेटेर सहज आगमनका लागि बाह्रै महिना सवारी साधन चल्ने बनाउन सडकको ग्राभेल गर्ने कार्य अन्तिम चरणमा पुगेको हुँदा उक्त कार्य सम्पन्न गर्नुका साथै सडकका आधारभूत पूर्वाधार र व्यवस्थित पक्की नालासहित सडक कालोपत्रे गर्ने कार्य यसै आ.व. वाट थालनी गरिनेछ ।

१५७.	गाउँपालिकाको प्रशासनीक भवन निर्माणको लागि निःशुल्क जग्गा व्यवस्थापन हुने र क्षेत्र छनौटको काम अन्तिम चरणमा रहेकोले जग्गा व्यवस्थापन भएपछि अविलम्व भवन निर्माणको आवश्यक पहल गरिनेछ ।

१५८.	गाउँपालिकाको योजना तथा कार्यक्रम छनौट गर्दा टुक्रे योजनालाई कम गर्दै ठुला र महत्वपूर्ण योजना छनौट गर्ने नीति लिईनेछ । वार्षिक योजना तथा कार्यक्रम छनौट गर्दा रु. ३ लाख भन्दा कम रकमको छनौट गरिने छैन ।

१५९.	रु. ५ लाख सम्मको वडा कार्यालयवाट विनियोजन भएको योजना तथा कार्यक्रम वडा वाट नै सम्झौता गर्ने व्यवस्था मिलाईनेछ ।

१६०.	गाउँपालिका क्षेत्रभित्रका सरकारी, सार्वजनिक तथा पर्ति जग्गाको अतिक्रमण रोकी संरक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । यस्ता सार्वजनिक जग्गाहरुलाई बालमैत्री उद्यान, योगपार्क तथा ज्येष्ठ नागरिक मैत्री पार्कहरु र खुला क्षेत्रहरुको रुपमा विकास गरिनेछ ।

१६१.	प्रस्तावित वुढीगण्डकी जलविद्युत परियोजनावाट विस्थापित घरधुरी र समुदायलाई उचित स्थानमा एकीकृत वस्तीको व्यवस्था मिलाउन पहल गरिने छ । साथै पुनःस्थापना, पुनर्वास र पुनर्लाभको लागि सम्वन्धित सरोकारवाला पक्षसँग आवश्यक पहल गरिनेछ ।

१६२.	सडकहरुको नियमित मर्मत सम्भार गरी यातायात सुचारु गर्न मर्मत सम्भार कोष स्थापना भै उक्त कोष परिचालनका लागि मर्मत सम्भार कोष परिचालन निर्देशिका तयार भएकोले त्यसलाई कार्यान्वयन गरिनेछ ।

१६३.	गाउँपालिका क्षेत्र भित्रका सडकहरु व्यवस्थित गर्न ग्रामीण यातायात गुरुयोजना (Rural Transport Master Plan-RTMP) तयारी भैसकेकोले गाउँपालिकाले निर्माण गरेका र आगामी दिनमा निर्माण गर्ने सडकहरुको वर्गीकरण गरी कालोपत्रे, सडक ग्राभेल र कच्ची सडकहरुको नामाकरण गरी उक्त सडकहरुमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग आवश्यक समन्वय र सहकार्य गर्दै विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरी व्यवस्थित गरिनेछ ।

१६४.	गाउँपालिका क्षेत्र भित्र यस अघि सडकको क्षेत्राधिकारको अवलम्वन तथा साँध सिमाना लगायत कुनै पनि विषयमा विवाद एवं किचलो नभइ निर्माण सम्पन्न भइसकेका घर भवनको नियमानुसार शुल्क लिई निर्माण अभिलेखिकरण गरिनेछ र यस पछि निर्माण हुने घर, भवनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियमानुसारको प्रक्रिया पूरा गरी घर, भवन निर्माण पूर्व नै अनिबार्य रुपमा नक्सा पास गर्नु पर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१६५.	गाउँपालिका क्षेत्र भित्र निर्माण हुने भौतिक पूवाधारतर्फ प्रयोग हुने भारी उपकरण (डोजर, जे.सि.वी., रोलर, एक्साभेटर) गाउँपालिकामा नियमानुसार सूचिकृत भएका उपकरण

मात्र प्रयोग गर्न दिइने र तोकिएको समय भन्दा पछि सूचिकृतलाई काम गर्न तोकिएको दस्तुरको दोब्बर शुल्क लिईनेछ ।

१६६. २०७२ साल बैषाख १२ गते र त्यसपछिका विभिन्न मितिमा गएका भूकम्पीय पराकम्पन वाट भएको घर भवनको भौतिक क्षतीको लागि पुनः निर्माण प्राधिकरणवाट नियमानुसार प्राप्त गनुपर्ने किस्ता रकम हाल सम्म पनि प्राप्त नभएकोले सोको लागि सरोकारवाला निकायसँग आवश्यक पहल गरिनेछ। साथै भुकम्प प्रतिरोधी भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१६७. गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने भौतिक पुर्वाधार सडक, ढल, पेटी, खानेपानी, बिद्युत, टेलिफोन आदिको गुणस्तरियता कायम गर्न, बिभिन्न निकायहरु बिच समन्वय गरी व्यवस्थित रुपमा निर्माण कार्य सन्चालन गर्न “पूर्वाधार विकास ऐन” जारी गरिनेछ ।

१६८. उपभोक्ता समितिका कुनै पनि पदाधिकारी एउटा योजना सम्पन्न भई फरफारक नभएसम्म अर्को योजनाको उपभोक्ता समितिको कुनै पनि पदमा बसेर काम गर्न नपाउने नीतिलाई कडाइका साथ लागू गरिनेछ ।

१६९. गाउँपालिकाको सवै वडा र वस्तीमा विस्तारित विद्युत प्रवाहको कार्यलाई थप व्यवस्थित गर्न सवै काठे पोलको विस्थापन गरी फलामे पोलको व्यवस्था पूर्ण रुपले गरिनेछ साथै आवश्यक स्थानमा थप ट्रान्समिटरको व्यवस्था मिलाईने छ ।

१७०. सडक निर्माण गर्दा खानेपानी, सिंचाइ तथा अन्य पूर्वाधारहरुमा क्षति पुऱ्याएको अवस्थामा सोही योजना संचालन गर्ने निकायबाटै पुनः निर्माण गर्नु पर्नेछ । सडक निर्माण गर्दा विद्युत पोल तथा तारलाई असर पर्ने भएमा सम्बन्धित कार्यालयसंग समन्वय र सहमति गरेर मात्र निर्माण कार्यलाई अगाडि वढाइनेछ ।

१७१. भारी उपकरण प्रयोग गरि सडक निर्माण गर्दा बन क्षेत्र पर्दछ भने डिभिजन बन कार्यालय सँगको समन्वय तथा पूर्व अनुमती लिएर मात्र सडक निर्माण कार्य गरिनेछ ।

१७२. उपभोक्ता समिति मार्फत भइरहेको आयोजना/योजनाको निर्माण कार्य ठेक्का प्रथाद्वारा गराउने गरेको पाइएमा यस्तो कार्यलाई कडाइका साथ अनुगमन गरी यस प्रकारको कार्यलाई पूर्ण निरुत्साहित गरिनेछ । साथै त्यस्ता काम गर्ने उपभोक्ता समितिका पदाधिकारीलाई कालो सुचिमा राखी उ.स.को पदाधिकारीवाट हटाईनेछ ।

१७३. गाउँसभाबाट स्वीकृत कार्यक्रमहरु आ.व.को बैशाख मसान्तभित्र सम्झौता गरी जेष्ठ १५ गते भित्र कार्य सम्पन्न गरी जेष्ठ मसान्त भित्र सार्वजनिक लेखा परिक्षण गराई जाचँपास र

फरफारक गर्ने कार्यलाई अनिवार्य गरिनेछ । जेष्ठ मसान्त पश्चात योजना तथा कार्यक्रमहरुको फरफारक तथा भुक्तानी नहुने नीति लिईनेछ ।

यातायात व्यवस्थापन नीति

१७४. सार्वजनिक यातायातमा ज्येष्ठ नागरिक, महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरुको पहुँच बढाउन तथा समग्र सवारी साधनको उपयुक्त व्यवस्थापन गर्न ज्वालामूखी गाउँपालिका सवारी तथा यातायात व्यबस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१७५. गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका साना-ठुला सावारी साधनको व्यवस्थापनको लागि आवश्यक कार्यविधि निर्माण गरि गाउँपालिकामा सूचिकृत तथा नविकरण गरि करको दायरामा ल्याईनेछ।

भवन मापदण्ड नीति

१७६. सुरक्षित भवन निर्माण गर्न गाउँवासीलाई प्रोत्साहित गर्ने उद्देश्यले दुई वा दुईभन्दा बढी जग्गाधनिहरुको सहमतिमा एउटै आवासीय भवन निर्माण गर्ने गरी नक्सा पेश गरेमा नक्सापास दस्तुरमा ४० प्रतिशत दस्तुर छुट दिने नीति लिइनेछ ।

१७७. गाउँपालिकाको भवन निर्माण आचार संहिताको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ साथै गाउँपालिका क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा वालवालिका तथा अपांग मैत्री बनाउन अनिवार्यता गरिनेछ ।

१७८. गाउँपालिकाको पहिचाहानको लागि गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवनहरुको अगाडीको भाग (Front Side) को डिजाईन र कलरमा एकरुपता ल्याउने नीति लिईनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

**अव म वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

विपद् व्यवस्थापन नीति

१७९. गाउँपालिकाको क्षेत्रभित्रको अति जोखिम पहिचाहन भएका क्षेत्रमा विपद् तथा जोखिम बारे पूर्व जानकारी प्रणाली स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

१८०. गाउँपालिकाको आर्थिक विकासको मेरुदण्ड कृषि क्षेत्रवाट उत्पादन हुने कृषि उपज वन्यजन्तु तथा बाँदरवाट क्षेतीहुने भएकाले त्यस्ता वन्यजन्तु तथा बाँदर नियन्त्रणको लागि गाउँपालिका क्षेत्रभित्रका जंगल भित्र वन्यजन्तु तथा वादरलाई मनपर्ने विभिन्न किसिमका

फलफुलको विरुवा वृक्षारोपण गरी कृषि उत्पादित क्षेत्रमा बन्यजन्तु प्रवेशमा कमि ल्याउने नीति लिईनेछ ।

१८१. गाउँपालिका क्षेत्रभित्रका नदी तथा खोलाहरुमा विषादी हाल्ने, करेन्ट लगाउने जस्ता कार्य गर्न पूर्णतय रोक लगाइनेछ । यदि यसो गरेको प्रमाणित भएमा गाउँपालिकाको आर्थिक ऐन अनुसार जरिवाना गरिनेछ ।

१८२. गाउँपालिका क्षेत्रभित्रका बन जंगलमा डढेलो लगाउने कार्यलाइ पूर्णत रोक लगाइने छ साथै डढेलो र यसवाट हुने क्षती सम्वन्धि अभिमुखीकरण तथा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१८३. विपद् व्यवस्थापनको लागि प्रत्येक वडामा Rapid Response Team (RRT) को व्यवस्था मिलाई टिमलाई स्वयम् सेवकको रुपमा परिचालन गर्न प्रोत्साहित गरिनेछ ।

<u>फोहोरमैला व्यवस्थापन नीति</u>

१८४. फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यलाई दिगो तुल्याउन ज्वालामूखी ग्रामीण खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड र सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप निजी संघ संस्थासंग समन्वय गरी फोहारमैला व्यवस्थापनको लागि स्थानीय बजारको नजिक ल्याण्ड फिल्ड साइड निर्माणको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१८५. फोहोरमैलालाई बर्गीकरण थ्री आरको अवधारणा (Reduce,Reuse and Recycle) अनुरुप घरपरिवार तहबाट नै व्यवस्थापन गर्न उत्प्रेरित गर्ने कार्यलाई अभियानका रुपमा ल्याइनेछ ।

<u>प्रदुषण नियन्त्रण नीति</u>

१८६. गाउँपालिका क्षेत्रभित्र प्लाष्टिक जन्य झोलाको प्रयोग क्रमश कम गर्दै कागज तथा कपडाको झोलालाई प्रथमिकता दिईनेछ ।

१८७. प्रयोग भैसकेको पानीलाई अनिवार्य रुपमा करेसाबारीमा प्रयोग गर्नुपर्ने नियम ल्याइनेछ भने घरभित्रको धुँवावाट प्रदुषण मुक्त गर्न ईन्डकस्न चुलोको प्रयोगलाई प्राथमिकताका साथ पहल गरिनेछ।

१८८. गाउँपालिकाका मुख्य बजार क्षेत्रलाई हर्न निषेधित क्षेत्रका रुपमा घोषणाका लागि नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

<u>हरियाली प्रबर्द्धन नीति</u>

१८९. वातावरणमैत्री स्थानीय शासनका सुचकहरुलाई अबलम्बन गरी वातावरण बचाउ अभियान सञ्चालन गर्नुका साथै वातावरणमैत्री गाउँ बनाउन आवश्यक पर्ने स्रोत साधन तथा

प्राविधिक सहयोगलाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायसँग सहकार्य तथा साझेदारीमा विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९०. प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरु वृक्षारोपण, सुधारिएको चुलो तथा वायोग्याँस निर्माण, ईन्डक्सन चुलो लगायत कार्वन उत्सर्जन घटाउने नविनतम कार्यक्रमहरु संचालन गरिनेछ ।

१९१. गाउँपालिका भित्रको निश्चित क्षेत्रलाई वृक्षारोपण क्षेत्र घोषणा गरी सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा बृक्षारोपण गरी वातावरण संरक्षण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

<u>जलवायु परिवर्तन अनुकूल नीति</u>

१९२. नेपालमा जलवायु परिवर्तन तिब्र रूपमा भएको र यसका बहुआयामिक असर र जोखिमहरू देखापरेका छन् । जलवायु परिवर्तनले पर्यावरणमा र समग्र नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा नकारात्मक असरहरू पारेको छ। आर्थिक, सामाजिक क्षेत्रमा हुने गिरावट र बढ्दो स्वास्थ्य समस्याका कारण भविष्यमा मानवीय सङ्कट र जीवनको जोखिम अझ बढ्ने देखिएको छ। समयमै गरिने जोखिम न्यूनिकरण र अनुकूलनका प्रयासले जलवायुजन्य हानि तथा नोक्सानीलाई कम गरी समुदायको अनुकूलन क्षमता र जलवायु उत्थानशील विकासलाई प्रवर्द्धन गर्न मद्धत गरि जलवायु परिवर्तन अनुकुलन सम्वन्धी कार्यक्रम गरिनेछ।

१९३. ज्वालामूखी गाउँपालिकालाई खानेपानी, सरसफाइ र वातावरण संरक्षणको क्षेत्रमा अगुवा एवं नमुना गाउँपालिकाको रुपमा स्थापित गरिनेछ ।सार्वजनिक जग्गामा बृक्षारोपण गर्ने नीति लिइ वातावरण संरक्षण तथा गाउँपालिका क्षेत्र भित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१९४. गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण पानीको स्रोतको सर्भे एवं संरक्षण गर्ने नीति लिइ आवश्यक सूचना संकलन गरिनेछ साथै भू– क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरुसंगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ ।

१९५. विकास योजना संचालन गर्दा साना योजनाहरुमा प्रारम्भिक वातावरणीय मूल्यांकन IEE र ठूला योजनाहरुमा वातावरणीय प्रभाव मूल्यांकन EIA गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ ।

१९६. भू– क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरुसंगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ ।

गाउँसभाका सदस्य ज्यूहरु,

अव म संस्थागत विकास, सुशासन तथा मानव संशाधन क्षेत्रका नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१९७. गाउँपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गरी सवै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ । कर्मचारीको कामको मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ ।

१९८. गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निश्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री बनाई महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग कार्यसम्पादन करार सम्झौता गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिनेछ ।

१९९. जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन गाउँपालिकामा कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गर्न क्षमता विकास योजना अनुरुप आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम कार्यान्वयनका लागि बजेटको व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

२००. गाउँपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत गरिने कार्यलाई प्रभावकारी, पारदर्शी, छिटो छरितो र सहजीकरणका लागि उपभोक्ता समितिका पदाधिकारीलाई कार्य थालनी पूर्व अनिवार्य रुपमा अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।

२०१. गाउँपालिका र मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरणा गराउन, सेवा प्रवाहलाई उत्कृष्ट बनाउन र कार्यक्षमतामा बृद्धि ल्याउनको लागि कर्मचारीहरुसँग विभिन्न विषयगत क्षेत्रवाट नवप्रवर्तनकारी प्रस्ताव संकलन गरि उत्कृष्ट प्रस्तावलाई पुरस्कृत गरि प्रस्ताव कार्यान्यिनको लागि वजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ।

२०२. गाउँपालिकावाट प्रवाह हुने सेवा प्रवाहलाई थप प्रभावकारी, सरल र सहज तरिकाले नागरिकको घरदैलोमा पुर्याउने उद्धेश्यका साथ सम्भव भएसम्मका सेवालाई प्रत्येक वडामा घुम्ती सेवा शिविर मार्फत संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

२०३. गाउँपालिका, विषयगत शाखा र वडा कार्यालयमा कार्यरत सबै करार सेवाका कर्मचारीको खाइपाइ आएको तलवको ५ प्रतिशत कट्टी गरि सोही बराबर हुने रकम गाउँपालिका कार्यालयवाट थप गर्ने पद्धतिको थालनी भइसकेको हुँदा आगामी वर्ष पनि निरन्तरता दिइनेछ ।

२०४.	गाउँपालिकाका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सम्पादन गरिने कार्य कानून सम्मत, मितव्ययी, प्रभावकारी, नियमित तथा दक्षतापूर्ण तरिकाले सम्पन्न गरी कार्य सम्पादनलाई विश्वसनिय बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसारको आन्तरिक नियन्त्रण प्रणालीको कार्यविधि तयार गरि कार्यान्वयनमा ल्याइनेछ ।

२०५.	गाउँपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वसनीय बनाईनेछ । सवै वडा कार्यालयमा मेलमिलाप केन्द्र स्थापना भईसकेकोले विभिन्न विवादहरु वडास्तरमै निरुपण गर्ने कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । वडा–वडामा मेलमिलाप केन्द्र स्थापना तथा संचालन भैसकेकोमा यसलाइ थप व्यवस्थापन गरि निरन्तरता दिइनेछ ।

२०६.	न्यायिक काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिनेछ ।

२०७.	गाउँपालिकामा कार्यरत कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता विकासको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

२०८.	कर्मचारी दरवन्दी चार्ट O&M संगठन र व्यवस्थापन सर्भे गरिनेछ ।

२०९.	गाउँपालिका क्षेत्रभित्रका सेवा निवृत्त विज्ञहरुको ज्ञान व्यवस्थापनका लागि भएका विज्ञहरुमा भएको ज्ञान, सीप, अनुभवलाइ उपयोग गर्न निजहरुलाइ उपयुक्त अवसर प्रदान गरि योगदानको कदर गर्दै सम्मानजनक कार्यक्रम तयार गर्न पहल गरिनेछ ।

२१०.	गाउँपालिका क्षेत्र भित्र निश्चित योग्यता पुगेका विद्यार्थिहरुका लागि लोक सेवा आयोगको अवधारणा र विषय बस्तुका सम्वन्धमा अभिमुखीकरण कार्यक्रम संचालन गर्नका लागि वजेट विनियोजन गरी निश्चित मापदण्ड वनाई सहभागी गराईनेछ ।

<u>सूचना तथा संचार नीति</u>

२११.	गाउँपालिका र मातहतका सबै वडा कार्यालयमा सोलार र इन्टरनेट जडान गरी गा.पा.का सम्पूर्ण वडालाई प्रविधिमैत्री वडा वनाई सकिएको छ । यसलाई आवश्यकता अनुसार सुधार र परिस्कृत गर्नको लागि Internet सेवालाई पूर्ण रुपमा निरन्तरता दिन Internet को Speed वृद्धि गर्न थप ISP सँग समन्वय गरिनेछ।

२१२.	सेवाग्राहीलाई सहजता र कर संकलन प्रणालीलाई पारदर्शी एवं एकीकृत बनाउन Online Tax Payment Portal लागू गरिनेछ ।

२१३.	गाउँपालिकालाई सूचना प्रविधिमैत्री गाउँपालिका बनाउन एकीकृत विद्युतीय सुशासन प्रणाली स्मार्ट मोबाईल एप्स तथा ई-सिफारिश प्रणाली लागु गरिनेछ ।

२१४.	गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा इन्टरनेट जडानको लागि नेपाल टेलिकमसँग सम्झौता भैसकेकोले विद्यालयहरुमा इन्टरनेट जडान गरि CC-Camera, E-attendance, School Management System, School Website को व्वस्थापन गरि सूचना प्रविधि मैत्री सामूदायिक विद्यालय बनाईनेछ।

२१५.	गाउँपालिकाको पंञ्चवर्षिय आवधिक योजना तयार गरि आ.व ०८०।८१ मा मध्यमकालिन खर्च संरचना Medium Term Expenditure Framework (MTEF), तथा क्षेत्रगत गुरुयोजना तयार गरी गाउँपालिकाको वार्षिक विकास योजनासंग Tie-Up गरिने छ ।

<u>राजस्व परिचालन तथा वित्तिय व्यवस्थापन नीति</u>

२१६.	नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको २२ वटा एकल अधिकार क्षेत्र भित्र रही श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण पद्धती अपनाई कर तथा राजस्व निर्धारण गरिने छ । सवै सरोकारवाला करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल वजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाइदै लगिने छ ।

२१७.	गाउँपालिकाको राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) बमोजिम राजस्वका क्षेत्रहरुको पहिचान गरी राजस्व अभिबृद्धि गर्न आवश्यक पहल गरिनेछ । साथै राजश्वका दर तथा क्षेत्र निर्धारण गर्दा उक्त कार्ययोजनाले निर्देशित गरे अनुरुप स्थानीय राजस्व परामर्श समितिको सिफारिशको आधारमा करका दायराहरु निर्धारण गरिनेछ ।

२१८.	राजस्व सम्बन्धी संभाव्यता अध्ययन कार्य यसै वर्ष अगाडि बढाइनेछ । राजस्व सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनका लागि कर प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाइनेछ । सम्पत्ति करलाई व्यवहारिक, वैज्ञानिक र न्यायोचित वनाईने छ ।

२१९.	गाउँपालिकाले संकलन गर्ने कर, सेवा शुल्क तथा जरिवाना बैकिंग प्रणालीबाट मात्र लिने नीति अवलम्बन गरिनेछ ।

<u>विधेयक एवं ऐन नियम</u>

२२०.	नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई दिएको अधिकारको पूर्ण उपयोग तथा परिपालना गर्न कार्यपालिका र गाउँ सभाबाट आवश्यक १२९ वटा ऐन नियम बनाई कार्यान्वयनमा ल्याई सकिएको छ । थप ऐन, नियम, निर्देशिका र कार्यविधि आवश्यकता अनुसार तर्जुमा एवं अनुमोदन गरी कार्यान्वयनमा ल्याईने छ ।

२२१.	गाउँपालिका तथा वडा तहबाट सम्पादन हुने कार्यलाई बैधता दिनका लागि विधायन समिति समेतको सिफारिसमा आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड र दिग्दर्शनलाई स्थानीय राजपत्रमा तत्काल प्रकाशन गरिने परिपाटीलाई निरन्तरता दिईनेछ ।

२२२. गाउँकार्यपालिकाको लागि आवश्यक थप ऐन, नियम निर्माण गर्नको लागि विषय विज्ञ समेतको परामर्श चाहिने हुँदा यसको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

**गाउँसभा सदस्य ज्यूहरु**

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा राय, सुझाव र सहयोग प्रदान गर्नु हुने राजनैतिक दल, संघ र प्रदेशका माननीय ज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु, बुद्धिजिवी, सहकारी, निजी क्षेत्र, गैर सरकारी संघ संस्था, किसान, श्रमिक वर्ग, व्यवसायी, नागरिक समाज, संचारकर्मी र सम्पूर्ण गाउँपालिकाका आमा, बुवा, दिदि, बहिनि तथा दाजु, भाई प्रति हार्दिक आभार व्यक्त गर्दै नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सबै पक्षवाट सहयोग हुने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।

जय ज्वालामूखी !!!

यामनाथ दनै

अध्यक्ष

ज्वालामूखी गाउँपालिका